# सन्धिखर्क नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क अर्घाखाँची

लुम्बिनी प्रदेश ,नेपाल


मितिः २०७९/०७/०७

### नदीजन्य पदार्थको बिक्रीका लागि दरभाउपत्र आव्हान सम्बन्धी सूचना

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ (क) र यस सन्धिखर्क नगरपालिकाको आर्थिक ऐन २०७९ को दफा १६ र सोही ऐनको अनुसूची -१५ मा भएको व्यवस्था बमोजिम तपसिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी सन्धिखर्क नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति,फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र आ.व २०७९/०८० सम्म मान्य रहेको कर चुक्ता प्रमाणपत्र वा आन्तरिक राजस्व कार्यालयको म्यादथप भएको पत्र र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपिहरु संलग्नगरी तपसिल बमोजिमका सर्तहरुको अधिनमा रही दरभाउपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकासित गरिएको छ।

तपसिल

| सि.नं | सूचना नं | विवरण | उत्खनन् परिमाण(घन फिट) | न्यूनतम रकम ( सेवाशुल्क र मु.अ कर बाहेक) | धरौटी रकम | फाराम दस्तुर ( रु ) |
|---|---|---|---|---|---|---|
| १ | ०६/०७९/०८० राजस्व | जरे खोला (खरी खोला क्षेत्र, मिलमिले डाँडापारी सन्धिखर्क १२ र मिलमिले पुल देखि उत्तर ४०० मिटर माथि अमिले तर्फ जरेखोला संगम सम्मका) विभिन्न वगरघाट क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन् संकलन तथा विक्री गर्ने कार्य। । | २२७११४ घन फुट (६४३२ घन मीटर) | १३६२६८४ (तेह्लाख बैसठ्ठी हजार) छसय चौरासी मात्र | कबोल अंकको ५ प्रतिशत | १००० |
| २ | ७/ ०७९/०८० राजस्व | जरे खोला (पुल देखि दक्षिण , बगाले क्षेत्र र कुडुले क्षेत्र सन्धिखर्क ४ र ५ ) का विभिन्न बगरघाट क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन् संकलन तथा विक्री गर्ने कार्य । | २३४८८२ (६६५२ घन मिटर ) | १४०९२९२ (चौध लाख नौ हजार दुईसय बयानब्बे मात्र) | कबोल अंकको ५ प्रतिशत | १००० |
| ३ | ८/ ०७९/०८० राजस्व | बाँगी खोला,मथुरा खोला संगम सम्मका विभिन्न वगर क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन् संकलन तथा विक्री गर्ने कार्य। | २९३१०८ घनफूट (८३०१ घन मिटर) | १७५८६४८ (सत्रलाख अन्ठाउन्न हजार छ सय अठचालिस मात्र) | कबोल अंकको ५ प्रतिशत | १००० |

**सर्तहरू**

- फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व २०७९/०८० सम्म मान्य रहेको करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा म्यादथप भएको पत्र र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, दरभाउपत्र फाराम दस्तुर वापत यस कार्यालयको राजश्व शाखामा बुझाएको नगदी रसिद

साथ निवेदन पेस गरी दरभाउपत्रको लागि मिति २०७९/०७/२१ गते कार्यालय समयभित्र कार्यालयबाट फाराम खरिद गर्न सकिनेछ।

- दरभाउपत्र पेस गर्ने र दाखिला गर्ने दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।दरभाउपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ।अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।आफुले कबोलगरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक सन्धिखर्क शाखामा रहेको धरौटी खाता नं ३०५०१००३०३००००२ मा नगद जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्रबैंकबाट इजाजत प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा दरभाउपत्र नं र नाम उल्लेख गरी दरभाउपत्रको लागि ७५ दिन म्याद भएको बिडबण्ड सिलबन्दी खाम साथ पेस गर्नुपर्नेछ ।
- खरिद गरेको दरभाउपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सहि छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम र ठेगाना ,कामको विवरण,दरभाउपत्र विवरण प्रोपराइटरको नाम , ठेगाना , फोन नं मोबाइल नं समेत स्पष्ट खुलाई फर्मको छाप लगाई दरभाउपत्र मिति २०७९/०७/२२ गते दिनको १२.०० बजे भित्र यस कार्यालयमा दर्ता गर्नु पर्नेछ।
- एक फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।रीतपूर्वक पर्न आएका दरभाउपत्र सम्बन्धी कागजातहरु पेस गर्ने मितिको तत् तत् दिनको २.०० बजे विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ।साथै बोलपत्रदाता वा निजको प्रतिनिधि दरभाउपत्र खोल्ने समयमा उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पर्नेछैन।
- दरभाउपत्र  सम्बन्धी विस्तृत जानकारी दरभाउपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेस हुन आएका दरभाउपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन।दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
- दरभाउपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले दरभाउपत्रको हकमा ७ दिनभित्र मू.अ .कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्तावापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ।दोश्रो किस्तावापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्रबैंकबाट ईजाजतप्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८० साल असारमसान्त सम्म म्यादसहित जारी गरिएको बैंकग्यारेण्टी(परफरमेन्स बण्ड) पेसगरी पट्टा उठाउनुपर्नेछ।साथै दरभाउपत्र  कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक सेवा शुल्क वापत हुन आउने  जम्मा रकमको नियमानुसार १३ प्रतिशत भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ।नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर दरभाउपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ।
- तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफतगरी नियमानुसार दरभाउपत्र बन्दोवस्त गरिनेछ।यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा यस नगरपालिकाबाट जारी भएका कानुन, प्रदेश कानून, संघीय सरकारबाट जारी  मापदण्ड बमोजिम हुनेछ।साथै यसकार्यालबाट गरिएको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन यस दरभाउपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत